# मोहन्याल गाउँपालिकाको विद्युत तथा नवीकरणीय उर्जा ऐन, २०७९

**प्रस्तावना**

मोहन्याल गाउँपालिकामा जलस्रोत तथा नवीकरणीय स्रोतका माध्यमबाट विद्युत उत्पादन, प्रसारण र वितरणलाई प्रवर्द्धन गरी विद्युत उपभोक्तालाई वातावरणमैत्री, स्वच्छ, नियमित, भरपर्दो, गुणस्तरीय, सुरक्षित तथा सर्वसुलभ रुपमा विद्युत आपूर्ति गर्नका लागि विद्युत सम्बन्धी कानून तर्जुमा गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२१ र २२६ एवं स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ बमोजिम गाउँपालिकाको गाउँ सभाले यो ऐनको तर्जुमा गरेको छ ।

## परिच्छेद - १
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यो ऐनको नाम "मोन्याल गाउँपालिकाको विद्युत तथा नवीकरणीय उर्जा ऐन, २०७९" रहेकोछ ।

(२) यो ऐन गाउँसभाबाट पारित भई प्रमाणीकरण भएपछि तुरन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) "अनुमतिपत्र" भन्नाले विद्युत उत्पादन, प्रसारण, वितरण र ग्राहक सेवा वा विद्युत उत्पादन गर्ने बाँधको विकास तथा सञ्चालनका लागि प्रदान गरिएको अनुमतिपत्रलाई जनाउँदछ ।

(ख) "अनुमतिपत्र प्राप्त संस्था" भन्नाले यस ऐन बमोजिम अनुमतिपत्र प्राप्त गरेको संगठित संस्था, निकाय वा कम्पनीलाई जनाउँदछ ।

(ग) "उत्पादन" भन्नाले विद्युत उत्पादन गर्ने कार्यलाई जनाउँदछ र सो शब्दले त्यस्तो कार्यको लागि आवश्यक संरचनाको निर्माण, सञ्चालन तथा मर्मत सम्भारको कार्यलाई समेत जनाउँदछ ।

(घ) "कार्यपालिका" भन्नाले मोन्याल गाउँपालिको कार्यपालिकालाई जनाउँदछ ।

(ङ) "गाउँपालिका" भन्नाले मोहन्याल गाउँपालिकालाई जनाउँदछ ।

(च) "ग्राहक" भन्नाले वितरण वा ग्राहक सेवाको अनुमतिपत्र प्राप्त संस्थाबाट विद्युत लाइन र मिटर समेत जडान गरी विद्युत सेवा लिने व्यक्ति, निकाय वा संस्थालाई जनाउँदछ ।

(छ) "ग्राहक सेवा" भन्नाले ग्राहकको माग बमोजिम निजको घर, भवन वा परिसरमा विद्युत सेवा आपूर्ति गर्ने कार्यलाई जनाउँदछ ।

(ज) "जलविद्युत" भन्नाले जलस्रोतबाट उत्पादित विद्युत शक्तिलाई जनाउँदछ ।

(झ) "तोकिएको " वा "तोकिए बमोजिम" भन्नाले यो ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिमको कार्यलाई जनाउँदछ ।

(ञ) "स्थानीय स्तरको विद्युत सेवा" भन्नाले गाउँपालिकाले विद्युत उत्पादन अनुमतिपत्र प्रदान गरी विद्युत उत्पादन गर्ने विद्युत आयोजनाले उत्पादन गरी राष्ट्रिय प्रसारण ग्रीडमा आवद्ध गरेको वा नगरेको कुनै पनि विद्युत वितरणका लागि अनुमतिपत्र लिई वितरण गरेको विद्युत सेवालाई जनाउँदछ ।

(ट) "महसुल" भन्नाले विद्युत सेवा उपभोग गरे वापत ग्राहकले विद्युत वितरण गर्न अनुमतिपत्र प्राप्त संस्थालाई बुझाउनु पर्ने विद्युत महसुललाई जनाउँदछ ।

प्रमाणित। जम्मा पृष्ठ : १२

**५. स्थानीय विद्युत समन्वय समितिको काम, कर्तव्य र अधिकार :** स्थानीय विद्युत समन्वय समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) गाउँपालिकाको क्षेत्राधिकार भित्र पर्ने १ मेगावाटसम्मका विद्युत आयोजना र नवीकरणीय उर्जाका अन्य विद्युत आयोजनाहरुको सूची स्वीकृत गर्ने ।

(ख) खण्ड (क) बमोजिम स्वीकृत भएका आयोजनामा निजी-सार्वजनिक-सामुदायिक वा बैदेशिक लगानी वा गाउँपालिकाको आफ्नै लगानीमा विकास तथा सञ्चालन गरिने विद्युत आयोजनाको पहिचान गरी विकासका लागी सिफारिस गर्ने ।

(ग) विद्युत आयोजना विकास तथा सञ्चालनका सम्बन्धमा लगानीकर्ता वा आयोजना विकासकर्तासँग आवश्यक समन्वय गर्ने ।

(घ) विद्युत आयोजनाको विकास तथा सञ्चालनसम्बन्धी नीतिगत व्यवस्था र सोको कर्यान्वयन तथा आयोजना क्षेत्रमा देखिएका समस्याको समाधानका लागि समय समयमा सम्बन्धित पक्षसँग छलफल गरी समस्या सम्बोधन गर्ने ।

(ङ) विद्युतसम्बन्धी सरोकारवाला निकायहरु बीच आवश्यक समन्वय तथा सहजीकरण गर्ने ।

(च) विद्युतीकरणसम्बन्धी समग्र प्रकृया र संरचनामा लैङ्गिक समानता र सामाजिक समावेशीकरणका लागि आवश्यक कार्यहरु गर्ने ।

(छ) गाउँपालिकाले समय समयमा जिम्मा दिएका अन्य कार्यहरु गर्ने ।

**६. विद्युत आयोजनाको अध्ययन :** (१) यस ऐन र प्रचलित संघीय वा प्रदेश कानून बमोजिम पालिकाको अधिकार क्षेत्र अन्तर्गतका विद्युत आयोजनाको बारेमा गाउँपालिकाले स्वयं वा आवश्यकता अनुसार अनुमतिपत्र जारी गरी सम्भाव्यता अध्ययन र सर्वेक्षण सम्बन्धी कार्य गर्न गराउन सक्नेछ ।

(२) उपदफा बमोजिम (१) सम्भाव्यता अध्ययन र सर्वेक्षण सम्बन्धी कार्य गर्दा आवश्यकता अनुसार नेपाल सरकार र प्रदेश सरकारका सम्बन्धित निकायसँग समन्वय गर्न सकिनेछ ।

(३) कुनै आयोजनाको सम्भाव्यता अध्ययन र सर्वेक्षणका लागि नेपाल सरकार वा प्रदेश सरकार वा कुनै संघ संस्थासँग सहयोग लिन वा साझेदारी तथा सहकार्य गर्न सकिने छ ।

(४) गाउँपालिकामा रहेको वातावरण शाखाले विद्युत तथा उर्जाका विषयमा आवश्यक अध्ययन अनुसन्धानसम्बन्धी कार्यहरु गर्ने गराउने कार्यका साथै देहायका कार्यहरु सक्नेछ :

(क) गाउँपालिको क्षेत्रमा आवश्यक पर्ने विद्युतको माग र आपूर्तिको अध्ययन गरी सोको आधारमा विद्युतको माग पुरा गराउन सम्बन्धित निकायमा सुझाव पेश गर्ने ।

(ख) न्यूनतम लागतमा जलस्रोत तथा अन्य नवीकरणीय स्रोतका माध्यमबाट विद्युत उत्पादन गर्न सकिने सम्भाव्य आयोजनाहरु बारे अध्ययन गरी सोको आधारमा क्रमश: विकास गर्नुपर्ने आयोजनाहरु बारेमा कार्यपालिका र सरोकारवाला समक्ष राय सुझाव पेश गर्ने ।

(ग) विद्यतुसँग सम्बन्धित विषयमा अध्ययन अनुसन्धान गर्न विभिन्न निकाय र संघ संस्थासँग सहकार्य गर्ने ।

(घ) विद्युत आयोजनाको निर्माण, सञ्चालन, पूनःनिर्माण तथा विस्तारको क्रममा देखिएका समस्या समाधानका उपायहरु पहिचान गरी कार्यपालिका र सम्बन्धित निकाय समक्ष सुझाव पेश गर्ने ।

(५) उपदफा (१) बमोजिमका कार्य गर्दा वातावरण शाखाले सम्बन्धित निकाय र अन्य सरोकारवालाहरुसँग आवश्यक परामर्श तथा छलफल गर्न सक्नेछ ।

**७. स्थानीय प्राथमिकता प्राप्त आयोजना :** (१) देहायका विद्युत आयोजनाहरु र विद्युत वितरण सम्बन्धी आयोजनाहरु गाउँपालिकाको प्राथमिकता प्राप्त आयोजनाका रुपमा रहने छन :

(क) १ मेगावाट सम्मका जलविद्युत आयोजना ।

(ख) जलस्रोतमा आधारित पानीको प्राकृतिक बहावमार्ग परिवर्तन नहुने फ्लोटिङ टर्वाइन लगायतका नयाँ प्रविधियुक्त विद्युत आयोजना ।

(ग) सौर्य उर्जा तथा जैविक उर्जा र विभिन्न नवीकरणीय उर्जामा आधारित विद्युत आयोजना ।

(२) उपदफा (१) बमोजिमका आयोजनाहरु मध्ये स्थानीय आवश्यकता र लगानी तथा वातावरणीय सम्भाव्यताका आधारमा उपयुक्त आयोजनालाई वातावरण शाखाको सिफारिसमा कार्यपालिकाले विशेष प्राथमिकता प्रदान गर्ने निर्णय गर्न सक्नेछ ।

(३) उपदफा (१) बमोजिमका आयोजनालाई यस ऐन बमोजिम प्राप्त छुट तथा सुविधाको अतिरिक्त प्रचलित कानून बमोजिम आयोजनाले प्राप्त गर्ने सुविधा तथा सहुलियत समेत उपलव्ध हुन सक्नेछन् ।

**८. आयोजनाको विकास तथा सञ्चालन गर्ने अधिकार :** (१) गाउँपालिकाले देहाय बमोजिमका विद्युत आयोजनाको विकास र सञ्चालन गर्ने अनुमति प्रदान गर्न सक्नेछ:

(क) १ मेगावाटसम्म जडित क्षमताको जलविद्युत उत्पादन र सञ्चालन आयोजनाहरु ।

(ख) १ मेगावाटसम्म जडित क्षमताको जलस्रोतमा आधारित पानीको प्राकृतिक बहाव मार्ग परिवर्तन नहुने फ्लोटिङ टर्वाइन जस्ता नयाँ प्रविधिबाट विद्युत उत्पादन र सञ्चालन आयोजना ।

(ग) ३ मेगावाटसम्मका जडित क्षमताको जलविद्युत, सौर्य लगायतका नवीकरणीय उर्जामा आधारित विद्युत उत्पादन र सञ्चालन आयोजना ।

(२) उपदफा (१) मा उल्लिखित परिमाण भन्दा बढी क्षमताका विद्युत उत्पादन तथा सञ्चालन आयोजनाको अनुमति समेत गाउँपालिकाले प्रदान गर्नगरी नेपाल सरकार वा प्रदेश सरकारले निर्णय गरेमा उक्त आयोजनाका लागि समेत गाउँपालिकाले अनुमति प्रदान गर्न सक्नेछ ।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि दुर्गम क्षेत्र र अन्य जटिलताका कारण विद्युतमा पहुँच नपुगेको क्षेत्रमा विद्युतको विकास तथा विस्तारका लागि गाउँपालिकाले आफै वा स्थानीय समुदायका संघ संस्थासँगको सहकार्यमा उपदफा (१) बमोजिमको क्षमताका विद्युत आयोजनाको विकास तथा सञ्चालन गर्न सक्नेछ ।

**९. सामुदायिक ग्रामीण विद्युतीकरण :** गाउँपालिकाले आफ्नो क्षेत्रमा सामुदायिक ग्रामीण विद्युतीकरण सञ्चालन भएको अवस्थामा यसका लागि सामुदायिक विद्युत वितरक संस्थालाई आवश्यकता अनुसार उपयुक्त सहयोग उपलब्ध गराउन सक्नेछ ।

**१०. लघु जलविद्युत र नवीकरण उर्जाको विकास :** (१) गाउँपालिकाले ग्रामीण विद्युतीकरण गर्नेगरी लघु जलविद्युत र नवीकरणीय उर्जाको विकास गर्न लघु जलविद्युत उपभोक्ता संस्था वा नवीकरणीय उर्जा उत्पादन गर्ने सामुदायिक संस्थालाई आवश्यक सहयोग उपलब्ध गराउन सक्नेछ ।

(२) लघु विद्युत आयोजना वा लघु प्रकृतिका नवीकरणीय उर्जाको विकास तथा सञ्चालन गर्दा सम्बन्धित क्षेत्रका उपभोक्ता संस्था वा स्थानीय समुदाय मार्फत सञ्चालन गर्न प्राथमिकता दिनु पर्नेछ ।

गाउँ कार्यपालिकाको कार्यालय
कैलाली
२०७३

## परिच्छेद – ३
## विद्युत आयोजनाको प्रस्ताव छनौट सम्बन्धी व्यवस्था

**११. आयोजनाका लागि प्रतिष्पर्धा गर्नुपर्ने :** (१) गाउँपालिकास्तरका र गाउँपालिकाको अधिकार क्षेत्रभित्र पर्ने किसिमका गाउँपालिका स्वयंले सम्भाव्यता अध्ययन एवं सर्वेक्षण गरेका विद्युत उत्पादन आयोजनाको विकास तथा सञ्चालन गर्दा इच्छुक प्रवर्द्धक (लगानीकर्ता) बीच प्रतिस्पर्धा गराई प्रवर्द्धक छनौट गर्न सकिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहाय बमोजिमका विद्युत आयोजना प्रतिष्पर्धा नगराई विकास तथा सञ्चालन गर्न सकिनेछ:

(क) यो ऐन प्रारम्भ हुनुअघि अनुमतिपत्र दिएको विद्युत आयोजना ।

(ख) अनुमतिपत्र प्राप्त गरी सम्भाव्यता अध्ययन एवं सर्वेक्षण सम्पन्न गरेको निजी प्रवर्द्धकले उक्त आयोजना स्वयं विकास तथा सञ्चालन गर्न अनुमति मागेका आयोजना ।

(ग) गाउँपालिकाको एकाउन्न प्रतिशत वा सोभन्दा बढी सेयर लगानी भएको विद्युत आयोजना ।

(घ) कार्यपालिकाले आवश्यकता र उपयुक्तताका आधारमा प्रतिष्पर्धा नगराई विकास तथा सञ्चालन अनुमति प्रदान गरेको विद्युत आयोजना ।

**१२. आयोजनाको प्रस्ताव आव्हान :** (१) दफा ११ बमोजिम प्रतिस्पर्धाको माध्यमबाट विद्युत उत्पादन आयोजनाको विकास तथा सञ्चालन गर्ने भएमा देहायका विषयहरु उल्लेख गरी गाउँपालिकाले सार्वजनिक रुपमा सूचना मार्फत आयोजनाका लागि प्रस्ताव आह्वान गर्नु पर्नेछ :

(क) विद्युत आयोजनाको प्रतिस्पर्धा गर्नुको आधार ।

(ख) आयोजनाका लागि आवश्यक पर्ने पूँजी ।

(ग) प्राविधिक तथा व्यावसायिक क्षमता ।

(घ) आयोजना सम्बन्धी अनुभव र योग्यता ।

(ङ) आयोजनाको वातावरणीय तथा सामाजिक प्रभाव अध्ययन र सम्बोधन ।

(च) आयोजनाबाट प्राप्त लाभको बाँडफाँड ।

(छ) अन्य आवश्यक विषय तथा विवरण ।

(२) उपदफा (१) बमोजिमको सार्वजनिक सूचना बमोजिम विद्युत उत्पादन आयोजनाको विकास तथा सञ्चालन गर्न इच्छुक संस्थाले त्यस्तो सूचनामा उल्लिखित म्यादभित्र र गाउँपालिकाले निर्धारण गरेको अन्य प्रकृया पुरा गरी आफ्नो प्रस्ताव पेश गर्न सक्नेछ ।

**१३. आयोजनाको प्रस्ताव छनौट र सम्झौता :** (१) दफा १२ बमोजिम प्राप्त प्रस्तावको मूल्याङ्कन गरी योग्य प्रस्तावकलाई आयोजनाको विकास र सञ्चालनका लागि छनौट गर्न सकिनेछ ।

(२) उपदफा (२) बमोजिम छनौट भएको प्रस्तावकसँग आयोजना सम्झौता सम्पन्न गर्नु पर्नेछ ।

(३) उपदफा (१) र (२) बमोजिम प्रस्ताव छनौट गर्ने र सम्झौता सम्पन्न गर्ने प्रयोजनका लागि गाउँपलिकाले आवश्यक मापदण्ड बनाउन सक्नेछ ।

**१४. गाउँपालिकाका पालिकाले आफै आयोजनाको विकास र सञ्चालन गर्न सक्ने :** (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि गाउँपालिकाले पहिचान गरेका आयोजनामध्ये कुनै आयोजना प्रतिष्पर्धा नगराई आफै वा आफ्नो स्वामित्वमा रहेको कुनै संगठित संस्थाका माध्यमबाट आयोजनाको विकास र सञ्चालन गर्न सक्नेछ ।

(२) उपदफा (१) को प्रयोजनका लागि गाउँपालिकाले आफ्नो पूर्ण वा आंशिक स्वामित्वको स्थानीय विद्युत संस्था, कम्पनी वा सहकारी स्थापना गरी आफै वा साझेदारीमा विद्युत आयोजना प्रवर्द्धन र सञ्चालन गर्न सक्नेछ।

## परिच्छेद - ४
## आयोजनाको अनुमति पत्रसम्बन्धी व्यवस्था

**१५. अनुमतिपत्र प्रदान गर्ने अधिकार :** (१) यस ऐन र अन्य प्रचलित कानून बमोजिम गाउँपालिकाको अधिकार क्षेत्रभित्र पर्ने विद्युत आयोजनाको विकास तथा सञ्चालन र विद्युत वितरणको लागि कार्यपालिकाले अनुमति प्रदान गर्नेछ।

(२) कार्यपालिकाले उपदफा (१) बमोजिमको अधिकार गाउँपालिकाका अध्यक्षलाई प्रत्यायोजन गरेको अवस्थामा अध्यक्षले अनुमतिपत्र प्रदान गर्न सक्नेछ।

(३) उपदफा (१) वा (२) बमोजिम अनुमतिपत्र प्रदान गर्दा विद्युत उत्पादनको स्रोत र आयोजना क्षेत्र दोहोरो पर्ने गरी विद्युत उत्पादन अनुमतिपत्र प्रदान गरिने छैन।

तर प्राविधिक दृष्टिकोणबाट विद्युत उत्पादनमा असर नपर्ने भएमा आयोजना क्षेत्रको केही भाग दोहोरो पर्ने भए पनि अनुमतिपत्र प्रदान गर्न बाधा पर्ने छैन।

(४) गाउँपपालिकाले यस ऐन बमोजिम उत्पादन अनुमतिपत्र प्रदान गर्नु अघि विद्युत उत्पादनको स्रोत र आयोजना दोहोरो नपर्ने कुराको सुनिश्चितताको लागि नेपाल सरकार र प्रदेश सरकारको उर्जा सम्बन्धी मन्त्रालयसँग समन्वय गरी जानकारी लिन र परामर्श गर्न सक्नेछ।

**१६. अनुमति पत्र लिनुपर्ने :** (१) यस ऐन बमोजिम अनुमतिपत्र लिनु पर्ने आयोजनाको हकमा उक्त अनुमतिपत्र नलिई विद्युत आयोजनाको विकास तथा सञ्चालन गर्न पाइने छैन।

तर गाउँपालिका आफैले विद्युत आयोजनाको विकास तथा सञ्चालन गर्न अनुमतिपत्र आवश्यक पर्ने छैन।

(२) गाउँपालिकाले अनुमतिपत्र प्रदान गर्ने विद्युत उत्पादन, वितरण र ग्राहक सेवाको लागि कुनै संस्थाले अनुमतिपत्र लिन चाहेमा गाउँपालिकाको वातावरण शाखा समक्ष निवेदन दिनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम निवेदन गर्नका लागि आवश्यक पर्ने निवेदनको ढाँचा, पूँजी, प्राविधिक र व्यावसायिक क्षमता, अनुभव, आवश्यक कागजात तथा विवरण, अनुमतिपत्र दस्तुर र अन्य व्यवस्था कार्यपालिकाले निर्धारण गरे बमोजिम हुनेछ।

**१७. अनुमति पत्र दिन सक्ने :** (१) दफा १५ बमोजिम प्राप्त निवेदनका साथ संलग्न कागजात र विवरण उपर आवश्यक अध्ययन र जाँचबुझ गर्दा अनुमतिपत्र प्रदान गर्न उपयुक्त देखिएमा वातावरण शाखाको सिफरिसमा कार्यपालिकाले वा अधिकार प्रत्योजन भए बमोजिम अध्यक्षले अनुमतिपत्र दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिकको अनुमतिपत्रमा त्यस्तो अनुमतिपत्र प्राप्त संस्थाले पालना गर्नुपर्ने मापदण्ड तथा शर्तहरु समेत तोक्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिमको निवेदन अध्ययन तथा जाँचबुझ गर्दा त्यस्तो निवेदन बमोजिम अनुमतिपत्र प्रदान गर्न नसकिने भएमा सोको आधार र कारण स्पष्ट पारी सो सम्बन्धी निर्णयको

**१८. एउटै संस्था वा कम्पनीलाई एक भन्दा बढी प्रकृतिका आयोजनाको अनुमतिपत्र दिन सकिने :** (१) विद्युत आयोजना विकास तथा सञ्चलन र विद्युत वितरणको लागि एउटै संस्थालाई एकभन्दा बढी कार्यको लागि अनुमति प्रदान गर्न सकिने छ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि दुई वा सो भन्दा बढी संस्थाले विद्युत उत्पादन र वितरण मध्ये विभिन्न कार्यको बाँडफाँड गरी अलग अलग अनुमति लिन चाहेमा अलग अलग कामका लागि अलग अनुमति दिन सकिनेछ।

**१९. अनुमतिपत्रको अवधी :** (१) यस ऐन बमोजिम गाउँपालिकाबाट प्रदान गरिने अनुमतिपत्रको अवधी देहाय बमोजम हुनेछ :

(क) जलस्रोतबाट विद्युत उत्पादन र वितरण गर्ने आयोजनाको हकमा बढीमा पच्चिस बर्ष।

(ख) जलस्रोत बाहेक अन्य स्रोतबाट विद्युत उत्पादन र वितरण गर्न बढीमा बीस वर्ष।

(२) उपदफा (१) को खण्ड (क) मा जुनसुकै कुरा लेखिएको भए तापनि काबु बाहिरको परिस्थिती सृजना भई विद्युत आयोजनाको विकास तथा सञ्चालनमा बाधा उत्पन्न भएमा त्यस्तो आयोजनाको विकास तथा सञ्चालनको अवधी तथा लागत र लाभलाई समेत बिचार गरी उत्पादन अनुमतिपत्रको अवधि बढीमा पाँच वर्षसम्म थप गर्न सकिनेछ।

**२०. अनुमतिपत्रको नवीकरण :** विद्युत उत्पादन, वितरण तथा ग्राहक सेवाको अनुमतिपत्रको दफा १९ बमोजिमको अवधी समाप्ती पछि नवीकरण हुन सक्नेछ।

तर गाउँपालिका आफैले वा साझेदारीमा सञ्चालन गरेका आयोजनाको हकमा अनुमतिपत्र नवीकरण गर्नुपर्ने छैन।

**२१. अनुमतिपत्रको खारेजी :** (१) अनुमतिपत्र प्राप्त संस्थाले यो ऐन तथा यस ऐन अन्तर्गत बनेको नियम विपरीत कुनै काम गरेमा वा अनुमतिपत्रमा उल्लेखित अवधीभित्रमा विद्युत आयोजना सम्पन्न नगरेमा कार्यपालिकाले अवधी तोकी त्यस्तो काममा आवश्यक सुधार गर्न सम्बन्धित अनुमतिपत्र प्राप्त संस्थालाई निर्देशन दिन्न सक्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहाय बमोजिमको अवस्थामा कार्यपालिकाले जुनसुकै बखत अनुमतिपत्र खारेज गर्न सक्नेछ :

(क) अनुमतिपत्र प्राप्त संस्थाले यो ऐन, यस ऐन अन्तर्गत बनेको नियम र प्रचलित कानून बमोजिम सम्पन्न गर्नुपर्ने कायन समयमा सम्पन्न नगरेमा,

(ख) अनुमतिपत्रमा उल्लिखित शर्त उल्लंघन गरेमा,

(ग) अनुमतिपत्र प्राप्त संस्थाको आर्थिक हैसियत वा अवस्था नाजुक भई अनुमतिपत्रमा उल्लेख भए बमोजिमको कार्य पूर्ण र प्रभावकारी रुपमा सम्पन्न गर्न नसक्ने विश्वस्त आधार र प्रमाण भएमा,

(घ) उपदफा (१) बमोजिम तोकिएको अवधीभर त्यस्तो आदेशको पलना नगरेमा।

(३) उपदफा (२) बमोजिम अनुमतिपत्र खारेज गर्नु अघि अनुमतिपत्र प्राप्त संस्थालाई आफ्नो सफाई पेश गर्न मनासिब तथा उपयुक्त मौका प्रदान गर्नु पर्नेछ।

(४) उपदफा (३) बमोजिम प्राप्त सफाई समेतलाई विचार गरी अनुमतिपत्र खारेज गर्नुपर्ने स्पष्ट र बस्तुनिष्ट आधार देखिएमा कार्यपालिकाले त्यस्तो अनुमतिपत्र खारेज गर्न सक्नेछ।

(५) उपदफा (४) बमोजिम अनुमतिपत्र खारेज गरिएमा त्यसरी खारेज गर्नु पर्नाको आधार र कारण समेत खुलाई सोको लिखित जानकारी सम्बन्धित पक्षलाई दिनु पर्नेछ।

गौरीगंगा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
टिमडी, कैलाली
सुदूरपश्चिम प्रदेश
२०७३

**२२. स्वामित्व हस्तान्तरण :** (१) अनुमतिपत्र प्राप्त संस्थाले अनुमतिपत्रको अवधि समाप्त भएपछि विद्युत उत्पादन केन्द्र र सोसँग सम्बन्धित संरचनाहरु चालु अवस्थामा गाउँपालिकालाई निःशुल्क रुपमा हस्तान्तरण गर्नु पर्नेछ ।
(२) उपदफा (१) बमोजिम विद्युत आयोजना तथा संरचना हस्तान्तरण गर्नु भन्दा कम्तीमा एक वर्ष अगावै हस्तान्तरण योजना बनाई गाउँपालिकाको सम्बन्धित कर्मचारीलाई त्यस्तो विद्युत आयोजना र संरचनाको सञ्चलन तथा मर्मत सम्भारमा संलग्न गराई आवश्यक सीप र प्रविधि समेत हस्तान्तरण गर्नु पर्नेछ ।
(३) उपदफा (१) बमोजिम गाउँपालिकाको स्वामित्वमा आएको विद्युत उत्पादन केन्द्र र वितरण लाइन वा वितरण प्रणालीको सञ्चालन तथा व्यवस्थापन गाउँपालिका आफैले सञ्चालन गर्न सक्नेछ ।
(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि गाउँपालिकाको नाममा आएको आयोजनालाई प्रतिस्पर्धाको माध्यमबाट कुनै संस्था छनौट गरी त्यस्तो संस्थाबाट विद्युत उत्पादन केन्द्र र वितरण लाइन वा वितरण प्रणालीको सञ्चालन तथा व्यवस्थापन गराउन सक्नेछ ।
(५) उपदफा (४) बमोजिम संस्था छनोट हुन नसकेमा पूर्वअनुमतिपत्र प्राप्त संस्थासँग लाभ, लागत तथा सञ्चालन खर्चको आधारमा सम्झौता गरी उक्त आयोजना सञ्चालन तथा व्यवस्थापन गर्न सकिनेछ ।
(६) जलविद्युत उत्पादन केन्द्र बाहेक अन्य विद्युत उत्पादन केन्द्र र सोसँग सम्बन्धित संरचनाहरुको व्यवस्थापन गर्ने जिम्मेवारी तथा दायित्व सम्बन्धित अनुमतिपत्र प्राप्त संस्थाको हुनेछ ।

**२३. गाउँपालिकाले आयोजना व्यवस्थापन नियन्त्रणमा लिन सक्ने :** (१) गाउँपालिकाले देहायको अवस्थामा विद्युत आयोजनाको व्यवस्थापन केही समयको लागि आफ्नो नियन्त्रणमा लिन सक्नेछ :
(क) अनमुतिपत्र प्राप्त संस्थालाई यो ऐन तथा यस ऐन अन्तर्गत बनेको नियम र अनमुतिपत्रको शर्त बमोजिम कार्य गर्न पटक पटक आदेश वा निर्देशन दिंदा समेत त्यसको बेवास्ता गरेमा वा
(ख) विद्युत उत्पादन तथा वितरणको कार्य गर्न पूर्णरुपमा असक्षम र असमर्थ भएमा वा
(ग) आम उपभोक्ताको हित प्रतिकूल हुनेगरी कार्य गरेमा ।
(२) उपदफा (१) बमोजिम विद्युत आयोजनाको व्यवस्थापन नियन्त्रणमा लिनका लागि थप मापदण्डहरु बनाउन सकिनेछ ।

**२४. विद्युत उत्पादन अनुमतिपत्र प्राप्त संस्थाको अधिकार, जिम्मेवारी र दायित्व :** (१) यो ऐन र अनुमतिपत्रमा उल्लिखित शर्तको अधीनमा रही विद्युत उत्पादन केन्द्र र सोसँग सम्बन्धित संरचनाहरुको निर्माण, सञ्चालन र व्यवस्थापन गर्ने दायित्व तथा जिम्मेवारी उत्पादन अनुमतिपत्र प्राप्त संस्थाको हुनेछ ।
(२) उत्पादन अनुमतिपत्र प्राप्त संस्थाले जलस्रोतबाट विद्युत उत्पादन गर्ने भएमा बाँध लगायतका महत्वपूर्ण संरचनाहरु वातावरणमैत्री हुनेगरी उपयुक्त स्थानमा रहने र जलस्रोतको अधिकतम उपयोग हुने कुराको सुनिश्चित गर्नु पर्नेछ ।
(३) उत्पादन अनुमतिपत्र प्राप्त संस्थाले संरचनाको डिजाईन तथा सुरक्षा सम्बन्धी स्वीकृत मापदण्ड पूर्ण रुपमा पालना गर्नु पर्नेछ ।
(४) उत्पादन अनुमतिपत्र प्राप्त संस्थाले उपदफा (१), (२) र (३) का साथै थप देहाय बमोजिमका काम गर्नु पर्नेछ :

(क) आफूले विकास तथा सञ्चालन गरेको विद्युत आयोजना र सोसँग सम्बन्धित संरचनाको प्राविधिक विवरण तथा जानकारी गाउँपालिका र अन्य सम्बन्धित निकायलाई दिने ।
(ख) लघु जल विद्युतको हकमा विद्युत उत्पादनको लागि अनुमति प्राप्त क्षेत्रमा उपलब्ध पानी र सोको प्रयोग सम्बन्धी तथ्याङ्क राख्ने र सोको जानकारी समय समयमा गाउँपालिका र सम्बन्धित निकायलाई उपलब्ध गराउने ।

(ग) आफूले उत्पादन गरेको विद्युत राष्ट्रिय प्रसारण ग्रिड तथा प्रसारण लाईनमा जोडने भएमा सम्बन्धित निकायसँग आवश्यक पर्ने समन्वय कायम गर्ने ।

(घ) विद्युत उत्पादन केन्द्र तथा सोसँग सम्बन्धित संरचनाहरुको सञ्चालन तथा मर्मत सम्भार सम्बन्धमा नेपाल सरकार र प्रदेश सरकारले निर्धारण गरेको मापदण्ड तथा दिएको निर्देशन पालना गर्ने ।

**२५. विद्युत प्रवाहको स्वीकृति लिनुपर्ने :** (१) उत्पादन अनुमतिपत्र प्राप्त संस्थाले उत्पादन गरेको विद्युत राष्ट्रिय प्रसारण ग्रिड तथा प्रसारण लाईनमा प्रवाह गर्न स्वीकृती लिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम विद्युत प्रवाहको स्वीकृती सम्बन्धी व्यवस्था संघीय कानून बमोजिम हुनेछ ।

**२६. विद्युतको रोयल्टी :** विद्युत उत्पादन, प्रसारण र वितरण अनुमत्रिपत्र प्राप्त संस्थाले गाउँपालिकालाई बुझाउनु पर्ने रोयल्टीको दर गाउँ सभाले निर्धारण गरे बमोजिम हुनेछ ।

## परिच्छेद - ५
## विद्युत वितरण र विद्युत महशुलसम्बन्धी व्यवस्था

**२७. विद्युत वितरण :** (१) यो ऐन बमोजिम विद्युत वितरण अनुमतिपत्र प्राप्त संस्थाले अनुमतिपत्रमा उल्लिखित क्षेत्रभर विना भेदभाव सबै ग्राहकलाई विद्युत वितरण गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको वितरण अनुमतिपत्र प्राप्त संस्थाको अधिकार, जिम्मेवारी र दायित्व देहाय बमोजिम हुनेछ :

(क) विद्युत वितरण प्रणालीको निर्माण, सञ्चालन, मर्मत सम्भार तथा व्यवस्थापन गर्ने ।

(ख) ग्राहकको माग बमोजिम सुरक्षित, भरपर्दो र गुणस्तरीय विद्युत सेवा उपलब्ध गराउने ।

(ग) सुरक्षित विद्युत आपूर्तिको लागि आवश्यक र उपयुक्त उपायहरु अवम्बन गर्ने ।

(घ) विद्युत सेवा उपलब्ध गराए वापत ग्राहकबाट महसुल उठाउने ।

(ङ) विद्युतको माग व्यवस्थापन गर्ने ।

(च) विद्युतको माग, खपत, आपूर्ति, ग्राहकको विवरण र ऊर्जा दक्षता सम्बन्धी कामको विवरण तथा तथ्याङ्क वार्षिक रुपमा गाउँपालिकाको वातावरण शाखा समक्ष पेश गर्ने । ।

**२८. विद्युत महशुल निर्धारण :** (१) विद्युत वितरक संस्थाले ग्राहकसँग लिन पाउने विद्युत महसुल कार्यपालिकाले निर्धारण गरे बमोजिम हुनेछ ।

(२) उपदफा (१) बमोजिम महशुल निर्धारणका लागि कार्यपालिकाको विद्युत समन्वय समितिले विद्युत वितरक संस्था र सम्बन्धित विषयविज्ञहरुसँग परामर्श गरी महशुल दर सिफारिस गर्नुपर्नेछ ।

(३) विद्युत महशुल निर्धारण तथा पूनरावलोकनका लागि कार्यपालिकाले आवश्यक कार्यविधि तर्जुमा गरी लागु गर्न सक्नेछ ।

**२९. विद्युत महशुल असुल गर्ने :** विद्युत सेवा उपयोग गरे बापत वितरक संस्थाले ग्राहकबाट महसुल लिन पाउने छ र समयमा महशुल भुक्तानी नगर्ने ग्राहकबाट प्रचलित कानून बमोजिम त्यस्तो रकम असुल उपर गर्न सक्नेछ ।

**३०. विद्युतको गुणस्तर कायम गर्नुपर्ने :** (१) अनुमतिपत्र प्राप्त संस्थाले विद्युतको उत्पादन, प्रसारण, वितरण र  मर्मत सम्भार गर्दा प्रचलित संघीय कानूनमा तोकिएको गुणस्तर मापदण्ड कायम राख्नु पर्नेछ ।

(२) अनुमतिपत्र प्राप्त संस्थाले विद्युतको उत्पादन, प्रसारण, वितरण र मर्मत सम्भार गर्दा प्रचलित संघीय कानूनमा तोकिएको सुरक्षात्मक उपाय अवम्बन गरी भरपर्दो र सुरक्षित विद्युत आपूर्ति गर्नु पर्नेछ ।

**३१. विद्युत सेवा बन्द तथा कटौती गर्न नपाइने :** (१) अनुमतिपत्र प्राप्त संस्थाले ग्राहकलाई वितरण वा आपूर्ति गरिरहेको विद्युत सेवा बन्द वा कटौती गर्न पाइने छैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा सम्भव भएसम्म पूर्वसूचना दिई विद्युत सेवा बन्द वा कटौती गर्न सकिनेछ :

(क) कुनै ग्राहकले कानून बमोजिम तिर्नु बुझाउनु पर्ने विद्युत महसुल वा शुल्क नतिरेमा वा नबुझाएमा,

(ख) विद्युत लाईन मर्मत सम्भार गर्न वा अन्य प्राविधिक काम गर्नु परेमा,

(ग) विपद वा काबू बाहिरको अन्य कुनै असाधारण परिस्थिति उत्पन्न भएमा,

(घ) कुनै ग्राहकले अनधिकृत तवरले विद्युत उपभोग गरेमा वा शर्त विपरीत विद्युत सेवा उपभोग गरेमा

**३२. विद्युत संरचनाको सुरक्षा :** (१) विद्युत आयोजना र सो सम्बन्धी संरचनाको सुरक्षा गर्ने प्राथमिक जिम्मेवारी र दायित्व अनुमतिपत्र प्राप्त संस्थाको हुनेछ ।

(२) अनुमतिपत्र प्राप्त संस्थाबाट विद्युत आयोजना र सो सम्बन्धी संरचनाको विशेष सुरक्षाको लागि लिखित अनुरोध भई आएमा प्रदेश सरकारसँग समेत समन्वय गरी गाउँपालिकाले विशेष सुरक्षाको व्यवस्था गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम अनुमतिपत्र प्राप्त संस्थाको अनुरोधमा विशेष सुरक्षा व्यवस्था गरिएकोमा सोको लागि लाग्ने सम्पूर्ण खर्च सम्बन्धित अनुमतिपत्र प्राप्त संस्थाले व्यहोर्नु पर्नेछ ।

## परिच्छेद - ६
## सामाजिक तथा वातावरणीय सुरक्षा मापदण्डसम्बन्धी व्यवस्था

**३३. वातावरणीय अध्ययन र वातावरण संरक्षण :** (१) विद्युत आयोजनाको विकास तथा निर्माण गर्दा वा प्रसारण लाइन र वितण प्रणली निर्माण गर्दा अनुमतिपत्र प्राप्त संस्था, निजको निर्माण व्यवसायी तथा परामर्शदाताले वातावरणीय अध्ययन गर्नुपर्ने भएमा सो सम्बन्धमा प्रचलित संघीय र प्रदेश कानूनको पालना गर्नु पर्नेछ ।

(२) विद्युत उत्पादन, प्रसारण र वितरण गर्दा हुन जाने कुनै पनि किसिमको व्यक्तिगत सार्वजनिक वा सामुदायिक सम्पत्ति क्षति भएमा सोको क्षति मूल्यांकन गरी प्रभावित व्यक्ति वा स्थानीय समुदायलाई क्षतिपूर्ति उपलब्ध गराउनु पर्नेछ ।

**३४. स्थानीय बासिन्दालाई प्राथमिकता दिनुपर्ने :** अनुमतिपत्र प्राप्त संस्थाले विद्युत आयोजनाको विकास तथा सञ्चालन गर्दा आयोजनाबाट प्रत्यक्ष प्रभावित स्थानीय बासिन्दालाई उनिहरुको सीप र योग्यताका आधारमा रोजगारीमा प्राथमिकता दिनु पर्नेछ ।

**३५. आयोजनाका लागि घर जग्गा प्राप्ति र घरजग्गामा प्रवेश :** (१) अनुमतिपत्र प्राप्त संस्थाले अनुमतिपत्रमा उल्लिखित कार्य गर्ने प्रयोजनका लागि कसैको घर जग्गा उपयोग वा प्राप्त गर्न

गाउँपपालिकासँग माग गरी सोको लागि नेपाल सरकारको सहयोग लिन आवश्यक भएमा सोही व्यहोरा उल्लेख गरी गाउँपालिकाले नेपाल सरकार समक्ष लिखित अनुरोध गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको अनुरोध प्राप्त भएमा सो प्रयोजनका लागि नेपाल सरकारले जग्गा प्राप्त गरी अनुमतिपत्र प्राप्त संस्थालाई उपलब्ध गराउने सम्बन्धी व्यवस्था प्रचलित संघीय कानून बमोजिम हुनेछ।

(३) अनुमतिपत्र प्राप्त संस्थाले खटाएको कर्मचारी विद्युत आयोजनाको कामको सिलसिलामा सो कामसँग सम्बन्धित कसैको घरमा प्रवेश गर्नु परेमा पूर्वसूचना दिई सम्बन्धित व्यक्तिको सहमति लिई त्यस्तो घरमा प्रवेश गर्न सक्नेछ।

(४) उपदफा (३) बमोजिम कसैको घरमा प्रवेश गर्न सम्बन्धित व्यक्तिले सहमति नदिएमा निजलाई पूर्वसूचना दिई कम्तीमा दुईजना स्थानीय व्यक्तिहरुको रोहबरमा त्यस्तो घरमा प्रवेश गर्न सकिनेछ।

(५) उपदफा (३) र (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै घरमा विद्युतको अनधिकृत प्रयोग वा चोरी भैरहेको शंका हुने मनासिव कारण भएमा सो कुराको जाँचबुझ गर्न वा अन्य दुर्घटना नियन्त्रण गर्न तत्काल प्रवेश गर्नु परेमा पूर्वसूचना नदिई पनि अनुमतिपत्र प्राप्त संस्थाले खटाएको कर्मचारी अरुको घरमा प्रवेश गर्न सक्नेछ।

**३६. जग्गाको प्रयोग :** (१) विद्युत आयोजनाको लागि प्राप्त वा खरिद गरिएको जग्गा कुनै पनि तरिकाले बिक्री वा हक हस्तान्तरण गर्न वा अन्य प्रयोजनको लागि प्रयोग गर्न पाइने छैन।

(२) कृषिभूमि, रुख भएको वन क्षेत्र र संरक्षित क्षेत्रहरुमा सौर्य विद्युत आयोजना निर्माण गर्न अनुमति दिईने छैन।

(३) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि विद्युत आयोजनाको विकास तथा सञ्चालनको लागि आवश्यक पर्ने हदसम्मको निजी जग्गा प्राप्त गर्नमा कुनै हदबन्दी लाग्ने छैन।

**३७. विद्युत संरचनाको अन्य प्रयोजनका लागि उपयोग :** (१) अनुमतिपत्र प्राप्त संस्थाले विद्युत प्रसारण तथा वितरणको लागि निर्माण वा खडा गरेका विद्युत टावर, पोल तथा भूमिगत प्रणालीहरु अन्य उपयुक्त कार्य वा प्रयोजनको लागि आपसी सम्झौताको आधारमा प्रयोग गर्न सकिनेछ।

(२) विद्युत वितरणको पोल, टान्सफर्मर तथा भूमिगत प्रणालीको लागि सम्भव भएसम्म सार्वजनिक वा सरकारी जग्गा प्रयोग गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिमको प्रयोजनका लागि अनुमतिपत्र प्राप्त संस्थाले कुनै प्रकारको क्षतिपूर्ति वा भाडा तिर्नु पर्ने छैन।

(४) विद्युतको पोल, टावर, प्रसारण तथा वितरण लाइन र सो सँग सम्बन्धित संरचना उपर अनुमतिपत्रको अवधिभर अनुमतिपत्र प्राप्त संस्थाको स्वामित्व र अधिकार रहनेछ।

(५) अनुमतिपत्र प्राप्त संस्थाको स्वामित्वमा रहेका विद्युतको टावर तथा पोलमा उक्त संस्थाको लिखित स्वीकृति बिना कुनै पनि प्रकारले प्रयोग गर्न वा विज्ञापनका सामग्री राख्न पाईने छैन।

**३८. उर्जा दक्ष उपकरणको प्रयोग :** अनुमतिपत्र प्राप्त संस्थाले विद्युत आयोजनाको कार्य गर्दा ऊर्जा दक्ष उपकरण, प्रविधि तथा प्रणालीको प्रयोग गर्नु पर्नेछ।

परिच्छेद -
विविध

**३९. अनुगमन तथा निरीक्षण :** (१) कार्यपालिकाको स्थानीय विद्युत समन्वय समितिले विद्युत आयोजनाको निर्माण तथा सञ्चालन र उक्त कार्य प्राविधिक दृष्टिकोणले सुरक्षित भए वा नभएको सम्बन्धमा समय समयमा आवश्यक अनुगमन तथा निरिक्षण गर्न गराउन सक्नेछ ।
(२) उपदफा (१) बमोजिमको अनुगमन तथा निरिक्षणका क्रममा आवश्यक निर्देशन दिन सक्नेछ र त्यसरी दिईएको निर्देशनको पालना गर्नु गराउनु सम्बन्धित अनुमतिपत्र प्राप्त संस्थाको कर्तव्य हुनेछ ।

**४०. कसूर, दण्ड सजाय र मुद्दा चलाउने सम्बन्धी व्यवस्था :** विद्युत आयोजनाको अनुमति र सञ्चालन तथा विद्युत वितरणसम्बन्धी कसुर, दण्ड सजाय र मुद्दा चलाउने सम्वन्धी व्यवस्था प्रचलित कानून बमोजिम हुनेछ ।

**४१. पुरस्कारसम्बन्धी व्यवस्था :** स्थानीय स्तरमा विद्युतको क्षेत्रमा उल्लेखनीय योगदान गर्ने व्यक्ति वा संस्थालाई गाउँपालिकाले आवश्यक पुरस्कारको व्यवस्था गर्न सक्नेछ ।

**४२. बाधा अडकाउ फूकाउन सक्ने :** यस ऐनको कार्यान्वयन गर्दा कुनै बाधा अड्काउ परेमा कार्यपालिकाले स्थानीय राजपत्रमा सूचना प्रकाशन गरी त्यस्तो बाधा अड्काउ फूकाउन सक्नेछ ।

**४३. अधिकार प्रत्यायोजन :** यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम कार्यपालिकालाई प्राप्त अधिकार आवश्यकता अनुसार कुनै समिति वा अध्यक्ष वा वातावरण शाखाको प्रमुखलाई प्रत्यायोजन गर्न सकिनेछ ।

**४४. नियम, निर्देशिका, कार्यविधि र मार्गदर्शन बनाउन सक्ने :** यस ऐनमा गरिएका व्यवस्थाहरुको प्रभावकारी कार्यान्वयनको लागि गाउँपालिकाले आवश्यक नियम, निर्देशिका, कार्यविधि र मार्गदर्शन बनाउन सक्नेछ ।

**४५. बचाउ तथा खारेजी र बाझिएमा गर्ने :** (१) गाउँपालिकाले विद्युत तथा उर्जाकाका विषयमा यस अघी कार्यविधि वा अन्य आधारमा गरेका कार्यहरु यसै ऐन बमोजिम भए गरेको मानिने छ ।
(२) यो ऐन वा यस ऐनमा गरिएका व्यवस्थाहरु संघीय तथा प्रदेश कानूनमा गरिएका व्यवस्थाहरुसँग बाझिन गएमा बाझिएको हदसम्म यो ऐनका सम्बन्धित दफाहरु निष्कृय रहने छन् ।

(ठ) "वितरण" भन्नाले प्रसारण लाइन वा सवस्टेशनबाट ग्राहकलाई विद्युत सेवा उपलब्ध गराउने कार्यलाई जनाउँदछ ।
(ड) "वितरण प्रणाली" भन्नाले ग्राहकलाई विद्युत सेवा उपलब्ध गराउने उद्देश्यले निर्माण गरिएको विद्युत वितरण सञ्जाल वा संरचनालाई जनाउँदछ र सो शब्दले त्यस्तो सञ्जाल वा संरचनामा जडित मेशिनरी तथा उपकरणलाई समेत जनाउँदछ ।
(ढ) "विद्युत" भन्नाले जलस्रोत,सौर्य, वायु, जैविक पदार्थ वा अन्य कुनै स्रोतबाट उत्पादन गरिएको विद्युत ऊर्जालाई जनाउँदछ ।
(ण) "विद्युत आयोजना" भन्नाले विद्युतको उत्पादन, प्रसारण, वितरण, ग्राहक सेवा वा विद्युत उत्पादन गर्ने बाँधको संरचना निर्माण, सञ्चालन, पुनर्निर्माण वा विस्तारसँग सम्बन्धित आयोजनालाई जनाउँदछ
(त) "संरचना" भन्नाले विद्युत उत्पादन, प्रसारण वा वितरणको लागि निर्माण भएका सवै संरचना, सवस्टेशन, प्रसारण लाईन र वितरण लाइनलाई जनाउँदछ र सो शब्दले त्यस्ता संरचनाले चर्चेको जग्गा र त्यसमा जडित मेशिनरी र उपकरणलाई समेत जनाउँदछ ।

## परिच्छेद - २
## विद्युत तथा नवीकरणीय उर्जा आयोजनाको विकास तथा सञ्चालनसम्बन्धी व्यवस्था

**३. विद्युतमा नागरिकको पहुँच कायम गर्ने :** (१) गाउँपालिकाले नेपाल सरकार, प्रदेश सरकार, विद्युत उत्पादक तथा वितरक संस्था अन्य संघ संस्थासँगको सहकार्य र समन्वयमा यस गाउँपालिकाका नागरिकको स्वच्छ, गणुस्तरीय, सुरक्षित, नियमित, भरपर्दो र सर्वसुलभ विद्युतमा पहुँच सुनिश्चित गर्नेछ ।
(२) उपदफा (१) बमोजिमको कार्यमा सहयोग पुग्नेगरी विद्युतको विकास र वितरण गर्नका लागि गाउँपालिकाले आवश्यक सहयोग उपलब्ध गराउन सक्नेछ ।
(३) प्रचलित कानून बमोजिम गरिव तथा विपन्न, सिमान्तकृत र जोखिम तथा विपद वा प्रकोपमा परेका भनी वडा कार्यालयले सिफारिस गरेका परिवारलाई गाउँपालिकाले विद्युत उपभोगको महशुलमा आंशिक वा पूर्ण अनुदान प्रदान गर्न सक्नेछ ।

**४. स्थानीय विद्युत समन्वय समिति :** (१) गाउँपालिकामा विभिन्न विद्युत आयोजनाको अध्ययन, विकास तथा सञ्चालन सम्बन्धी नीतिगत विषयमा आवश्यक निर्णयका लागि सिफारिस गर्न, सम्बन्धित निकायहरु वीच समन्वय गर्न र विद्युतसम्बन्धी विषयमा अनुगमन गरी आवश्यक मार्गदर्शन प्रदान गर्नका लागि देहाय बमोजिमको एक स्थानीय विद्युत समन्वय समिति रहनेछ :
(क) वातावरण समितिको संयोजक - संयोजक
(ख) कार्यपालिका सदस्यहरुमध्येबाट एक जना महिला सहित दुई जना - सदस्य
(ग) उर्जा सम्वन्धी क्षेत्रका कार्यरत नागरिक समाजका प्रतिनिधि एक जना - सदस्य
(घ) उर्जा उत्पादक निजी क्षेत्रको प्रतिनिधि एक जना - सदस्य
(ङ) वातावरण शाखा प्रमुख - सदस्य सचिव
(२) उपदफा (१) को खण्ड (ग) र (घ) बमोजिमका सदस्यहरुको मनोनयन कार्यपालिकाले गर्नेछ ।
(३) उपदफा (१) को खण्ड (ग) र (घ) बमोजिमका सदस्यको पदावधि मनोनयनको मितिले तीन वर्षको हुनेछ र पून: एक पटकका लागि मनोनयन गर्न सकिने छ ।
(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि उक्त सदस्यहरुको काम सन्तोषजनक नभएमा कार्यपालिकाले निजहरुलाई जुनसुकै बखत हटाउन सक्नेछ ।
तर यसरी हटाउनु अघी निजहरुलाई सफाई पेश गर्ने मनासिब मौका दिनु पर्नेछ ।